**२०७४ साल फागुन ६ गते आइतबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१.मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः "राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक–पटक गर्दै आएको ऐतिहासिक आन्दोलन, शसस्त्र संघष र प्रदेश नं ६ स्थापनाका लागि भएको आन्दोलन स्मरण गर्दै शाहदत प्राप्त गर्नु हुने शहीदहरुप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्ने।"

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश सरकारको लागि सार्वजनिक लिखत प्रमाणीकरण सम्बन्धी नियमावलीः २०७४ स्वीकृत गर्ने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश सरकार (कार्य सम्पादन) नियमावली, २०७४ स्वीकृत गर्ने ।

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश सरकार कार्य विभाजन नियमावली २०७४ स्वीकृत गर्ने।

५. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेशको विकास र समृद्धिका लागि मन्त्रिपरिषदबाट भएको विभिन्न निणर्यहरूलाई सम्बन्धित मन्त्रालयले १ (एक) महिना भित्र कार्ययोजना बनाई पेश गर्ने ।

६. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश मन्त्रीपरिषद्को प्रवक्तामा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विमला के.सी. लाई तोकिएको ।

७. आन्तरिक मामिला तथा कानून मन्त्रालयः प्रदेश राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ स्वीकृत गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

**२०७४ साल फागुन २६ गते शनिबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश सरकारको लागि सार्वजनिक लिखत प्रमाणीकरण सम्बन्धी नियमावलीः २०७४ को पहिलो संशोधन स्वीकृत गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश सरकार (कार्य सम्पादन) नियमावली, २०७४ को पहिलो संशोधन स्वीकृत गर्ने ।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश सरकार कार्य विभाजन नियमावली २०७४ को पहिलो संशोधन स्वीकृत गर्ने।

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मन्त्रिपरिषद्का सदस्यहरूको लागि आचारसंहिता, २०७४ स्वीकृत गर्ने।

५. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश मन्त्रिपरिषद्सम्बन्धी कार्यविधि, २०७४ स्वीकृत गर्ने।

६. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः देहाय बमोजिम मन्त्रिपरिषद् समितिहरू गठन गर्ने ।

(क) राजनैतिक समिति

संयोजक : मा. प्रकाश ज्वाला, मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय

सदस्य : मा. विमला के.सी. मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहारी मन्त्रालय

सदस्य : मा. खड्क बहादुर खत्री, मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय

सचिव : मन्त्रिपरिषद् सचिव

(ख) प्रशासन तथा विधेयक समिति

संयोजक : मा. नरेश भण्डारी, मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय

सदस्य : मा. दल रावल, मन्त्री, सामाजिक विकास मन्त्रालय

सदस्य : मा. नन्द सिंह बुढा, मन्त्री, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

(ग) आर्थिक, सामाजिक तथा पूर्वाधार समिति

संयोजक : मा. दल रावल, मन्त्री, सामाजिक विकास मन्त्रालय

सदस्य : मा. नरेश भण्डारी, मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय

सदस्य : मा. नन्द सिंह बुढा, मन्त्री, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

उक्त खण्ड ख र ग को समितिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिवहरूमध्ये प्रमुख सचिवले तोकेको सचिवले समितिको बैठकमा उपस्थित भई निर्णयको अभिलेख तयार गरी प्रमाणित गर्नु पर्नेछ ।

७. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेशको विकास र समृद्धिका लागि काठमाडौंमा बृहत अन्तरक्रियाको आयोजना गर्न मा. प्रकाश ज्वाला, मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय र मा. नरेश भण्डारी, मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय रहने गरी समन्वय समिति गठन गर्ने ।

८. आर्थिक मामिला तथा योजना मन्त्रालयः कर्णाली प्रदेश आर्थिक कार्यविधि विधेयक, २०७४ लाई प्रदेश सभामा पेश गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयलाई स्वीकृति दिने ।

९. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः विविध :

(क) प्रत्येक महिनाको २ दिन (१ गते र १५ गते) श्रम दिनको रूपमा काम गर्ने ।

(ख) रारा कर्णाली पर्यटन वर्ष, २०७५ मनाउन २०७५ बैसाख १ गते शुभारम्भ कार्यक्रम आयोजना गर्नका लागि मा. मुख्यमन्त्रीज्यूको संयोजकत्वमा देहायबमोजिमका मन्त्री तथा सचिवहरू सदस्य रहने १५ सदस्यीय मूल समिति गठन गर्ने साथै उक्त कार्यमा सहयोग गर्न देहाय बमोजिम कार्य व्यवस्थापन समिति संयोजक तोक्ने :

१) मूल समिति :

| | |
|---|---|
| माननीय मुख्यमन्त्री, कर्णाली प्रदेश | : संयोजक |
| माननीय मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय | : सदस्य |
| माननीय मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय | : सदस्य |
| माननीय मन्त्री सामाजिक विकास मन्त्रालय | : सदस्य |
| माननीय मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहारी मन्त्रालय | : सदस्य |
| माननीय मन्त्री, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | : सदस्य |
| माननीय मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय | : सदस्य |
| श्री प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | : सदस्य |
| श्री सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | : सदस्य |
| श्री सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | : सदस्य |
| श्री सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | : सदस्य |
| श्री सचिव, सामाजिक विकास मन्त्रालय | : सदस्य |
| श्री सचिव, भूमि व्यवस्था, कृषि तथा सहारी मन्त्रालय | : सदस्य |
| श्री सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | : सदस्य |

श्री सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय : सदस्य सचिव

२) कार्य व्यवस्थापन समिति संयोजक :

आर्थिक व्यवस्थापन : मा. प्रकाश ज्वाला, मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय
सुरक्षा तथा आवास व्यवस्थापन : मा. नरेश भण्डारी, मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रचारप्रसार तथा स्वास्थ्य व्यवस्थापन : मा. दल रावल, मन्त्री, सामाजिक विकास मन्त्रालय
खाद्य व्यवस्थापन तथा कोशेली : मा. विमला के.सी. मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहारी मन्त्रालय
पर्यटन महोत्सव व्यवस्थापन : मा. नन्द सिंह बुढा, मन्त्री, उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालय
अतिथि व्यवस्थापन (यातायात) : मा. खड्क बहादुर खत्री, मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय

ग) रारा कर्णाली पर्यटन वर्ष, २०७५ वर्षभरी विभिन्न कार्यक्रम गरी मनाउनका लागि माननीय मन्त्री, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई जिम्मेवारी तोक्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

**२०७४ साल चैत्र २० गते मंगलबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. आन्तरिक मामिला तथा कानून मन्त्रालयः कर्णाली प्रदेशको मुख्य न्यायाधिक्ताको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक,२०७४ लाई प्रदेश मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा पठाइ समितिको निर्णय बमोजिम गर्ने ।
२. सामाजिक विकास मन्त्रालयः कर्णाली प्रदेश सामाजिक संघ संस्था नियमन विधेयक, २०७४ लाई प्रदेश मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा पठाइ समितिको निर्णय बमोजिम गर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

**२०७४ साल चैत्र २८ गते बुधबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. उद्योग, पर्यटन, वन तथा वाताबरण मन्त्रालयः रारा कर्णाली पर्यटन वर्ष, २०७५ को २०७५ बैसाख १ गते हुने समुद्घाटन कार्यक्रमको लागि देहायका निकायलाई देहाय बमोजिमको रकम प्रचलित कानूनको अधिनमा रही खर्च गर्न स्वीकृति प्रदान गर्ने :

क) भूमी व्यबस्था, कृषि तथा सहकारी मन्त्रालयको लागि खाद्य व्यबस्थापन तथा कोसेली व्यबस्थापन गर्न रु.१० लाख,
ख) सामाजिक विकास मन्त्रालयको लागि प्रचार प्रसार तथा स्वास्थ्य व्यबस्थापन गर्न रु.७ लाख,
ग) उद्योग, पर्यटन, वन तथा वाताबरण मन्त्रालयको लागि पर्यटन महोत्सव व्यबस्थापन गर्न रु. १० लाख,
घ) आन्तरिक मामिला तथा कानून मन्त्रालयको लागि आवास तथा सुरक्षा व्यबस्थापन गर्न रु. ७ लाख,
ङ) भौतिक पूर्वाधार विकास मन्त्रालयको लागि अतिथि सत्कार तथा सवारी व्यबस्थापन गर्न रु. १० लाख,
च) मुगु जिल्ला समन्वय समितिको लागि कार्यक्रम समन्वय खर्चको लागि रु.२ लाख ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।**

**२०७४ साल चैत्र ३० गते शुक्रबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कर्णाली प्रदेश मन्त्रिपरिषद्को रारा क्याविनेट नयाँ वर्ष वि.सं. २०७५ को शुभ उपलक्ष्यमा सम्पूर्ण कर्णालीवासी एवं सबै नेपाली दिदीवहिनी, दाजुभाईहरूमा सुस्वास्थ्य, प्रगति एवं समृद्धिको कामना सहित हार्दिक शुभकामना ब्यक्त गर्दछ।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मन्त्रिपरिषद्को यो बैठक कर्णाली रारा पर्यटन वर्ष, २०७५ समुद्घाटन समारोहमा कर्णाली प्रदेशको रारामा उपस्थित सम्माननीय प्रधानमन्त्री के.पि शर्मा ओलीज्यू, माननीय कर्णाली प्रमुखज्यू, माननीय मन्त्रीज्यूहरू लगाएत सम्पूर्ण अतिथि तथा सहभागिहरूलाई हार्दिक धन्यवाद एवं आभार ब्यक्त गर्दछ ।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कर्णाली प्रदेशको विकास र समृद्धिका लागि सञ्चालन गर्नुपर्ने विभिन्न कार्यक्रमहरू विषयको प्रस्ताव सम्बन्धमा देहायबमोजिम गर्ने, कर्णाली प्रदेशको पर्यटन विकासका लागि पर्यटन गुरूयोजना तयार गर्ने र कर्णाली पर्यटन प्राधिकरण स्थापना गर्ने, नाग्मदेखि रारा तालसम्म यातायातको सहज पहुँचका लागि नाग्म-रारा सडक कालोपत्रे गर्ने कार्यक्रमलाई अघि बढाउने,

क) छिमेकी मित्रराष्ट्र चीनसँग जोडिएका कर्णाली प्रदेशका उत्तरी नाकाहरू हुम्लाको हिल्सा, मुगुको नाक्चेलाग्ना र डोल्पाको मोरिम्लो-धो नाकालाई औपचारिक रूपले खोल्ने ।

ख) आ.व. २०७५/७६ मा हिल्सामा भन्सार एवं अध्यागमन कार्यालय स्थापना गर्ने,

ग) उत्तरी नाकासँग पहुँच वृद्धि गरी ब्यापार तथा पर्यटन प्रवर्द्धन र विकास गर्न कोहलपुर-सुर्खेत-हिल्सासम्मको सडकलाई "**प्रधानमन्त्री अन्तर्राष्ट्रिय द्रुत लोकमार्ग**" को रूपमा नामाकरण गर्ने, मुगुको नाग्म-नाक्चेलाग्ना नाका सडक एवं सुर्खेतको छिन्चु-सल्यानको सल्लीबजार-जाजरकोट-डोल्पाको दुनै हुँदै मोरिम्लो-धो नाका जोड्ने भेरी कोरिडोर सडकसमेत उपरोक्त तीनवटै लोकमार्गहरूलाई राष्ट्रिय गौरवका आयोजनाको रूपमा सम्बोधन गरी आवश्यक कार्य अघि बढाउने। साथै वर्दिया हिल्सा कर्णाली करिडोर निर्माणको कामलाई अघि बढाउने ।

घ) कर्णाली प्रदेशको राजधानी सुर्खेतमा अन्तराष्ट्रिय मापदण्डको विमानस्थल निर्माण गर्ने,

ङ) दैलेखमा रहेको अपार पेट्रोलियम पदार्थको अध्ययन, अन्वेषण गरी उपयोगका लागि आवश्यक कार्य अघि बढाउने र कर्णाली प्रदेशमा पेट्रोलियम पदार्थको भण्डारको लागि आवश्यक भौतिक पूर्वाधार तयार गरी काम अगाडि बढाउने,

च) कर्णाली एकिकृत बस्ती विकास तथा शहरीकरण कार्यक्रम सञ्चालन गर्ने र प्रदेश राजधानि सुर्खेतको पूर्वाधार विकासको लागि गुरूयोजना तर्जुमा गर्ने ।

**छ)** प्रदेश मन्त्रिपरिषद्ले लिएका उक्त निर्णयहरू संघीय सरकारका सम्माननीय प्रधानमन्त्रीज्यूलाई जानकारी गराउने ।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।*